# नेपाल ख्रीष्टियन हेराल्ड
# NEPAL CHRISTIAN HERALD






राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 20 No 8 Monthly International Edition of Herald of His Coming August 2019

वर्ष २०, अङ्क ८ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (भदौ, २०७६)


# सबै विपत्तिमा आनन्द

## All Joy in All Trials

**By Chardes H. Spurgeion (1834-1892)**

हामी जब विभिन्न किसिमको आपत-विपतमा पर्छौं त्यो सँगसँगै वा आनन्द लिन पनि सिक्नुपर्छ । याकूबले हामीलाई यसरी भन्दछन् । "मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत-विपत आइपर्दा तिनलाई पुरा आनन्दको कुरा सम्झ । किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ । म धैर्यलाई त्यसको पुरा काम गर्न देओ, ताकि तिमीहरूका कुनै कुराको अभाव नभएर तिमीहरू परिपक्व र पूर्ण होओ । (याकूब १ : २ - ४) यहाँ पहिलो कुरा परीक्षाको बारेमा छलफल गर्नु छ । हाम्रो विश्वासमा कति परीक्षा आउँछ भन्ने कुरा हामीलाई थाहा छ । जससँग बलियो विश्वास छ तिनीहरू बाँचेका हुन्छन् । परीक्षाको समयमा परमेश्वरको नजिकका हुन्छन् जो परमेश्वरको नजिक हुन्छ त्यसलाई उहाँले हरेक किसिमका परीक्षाबाट मुक्त गराउनुहुन्छ । विभिन्न किसिमका अन्धकारको शक्तिले सत्यको बाटोमा हिड्नलाई बाधा पुऱ्याउँछ । परमेश्वरको नजरबाट टाढा बनाइदिन्छ । जोससँग असल विश्वास हुन्छ त्यो मात्रै आनन्द जीवन आनन्द र महिमित हुन्छ । जस्तोसुकै चोट लागे पनि परमेश्वरलाई हेर्ने मानिस निराग हुँदैन । उसले यो परमेश्वरको हो भनेर आनन्द लिन सक्छ ।

आत्मिकी परिवारमा उसको विश्वासचाहिँ घरको कुने ढुङ्गाजस्तै हो । जब मानिसले विश्वासको घर बनाउँछ कहिले पनि नभत्किने प्रकारले बनाएको हुन्छ । जब उसले बलियो पर्खाल बनाउँछ ऊ सधैं सत्यतामा रहेको हुन्छ । न्यायको दिनमा कुनै किसिमले फेल खानु पर्दैन र ऊ सधैं परीक्षामा पास भइरहेको हुन्छ । जस्तोसुकै अवस्थामा पनि तपाईंहरू परमेश्वरमा विश्वासद्वारा जोडिनुभएको छ भने दुःखको समयमा खुसी हुँदै समस्यालाई समाधान गर्न सक्नुहुनछ । उदाहरणको लागि नबुदनेशरले कसरी परमेश्वरका छोराछोरीलाई आगोको भट्टीमा जलाउनलाई फालिदिए तर परमेश्वरले उहाँहरूको विश्वासअनुसार आगोको भट्टीबाट बचाउनुभयो ।

**चाख र प्रमाणित गर :** विभिन्न किसिमको आपत-विपतमा एकचोटि परमेश्वरमा अडिग भएर आफ्नो विश्वासलाई दारो बनाउन दैनिक जीवनमा प्रयोगमा ल्याउनुहोस् । के तपाईं साँचो सिपाही हुनुहुन्छ कि नाइ भन्ने कुरामा जब तपाईं प्रमाणित गर्नुहुन्छ त्यतिखेर थाहा हुन्छ । समुद्रमा पठाइएको पानीजहाज जबसम्म ठीक ठाउँमा अवतरण हुँदैन तबसम्म ऊ कहाँ पुग्छ भन्ने थाहा छैन उसलाई समुद्र पार गरुन्जेल विभिन्न प्रकारले छलहरूले, वतासले दुःख दिइरहेको हुन्छ । ती दुःखहरूबाट पार हुँदै जब गन्तव्य स्थानमा पुग्छ त्यसपछि उसले आफ्नो सफलतालाई देख्दछ, त्यस्तै हामी पनि हाम्रो दैनिक जीवनको दिनचर्यामा जब परमेश्वरको विरुद्धमा आएका छलहरूलाई खुसीसाथ परास्त गर्न सक्छौं हाम्रो खीष्टीयन जीवन सफलताको जीवन हुन्छ । त्यो व्यक्तिले भन्न सक्छ कि म यस्ता डरलाग्दा समस्याबाट पनि पार हुन सकें, मेरो विश्वासलाई गुमाउनु परेन र उसले भन्न सक्छ कि आफ्नो

परमेश्वरलाई धन्यवाद दिँदै म मेरो परीक्षादेखि डराइन र सफलता पाएँ। अहिले त्यो व्यक्तिले भन्न सक्छ कि मैले जुन परमेश्वरलाई पुजेको छु त्यो परमेश्वर देखावटी नभईकन साँचो हुनुहुन्छ र सत्य हुनुहुन्छ। उहाँले मलाई आगोबाट हुँदा, पानीका ठूला ठूला समुद्रबाट हुँदा जस्तोसुकै परिस्थितिमा पनि बचाउनु हुन्छ। उहाँको शक्ति मेरो निम्तो प्रशस्तताको आगो जस्तै छ।

म खुसीसाथ सिक्न सक्छु कि परमेश्वरको शक्तिशाली बाहुलीको बारेमा जब म उहाँमा हुन्छ उहाँले मेरा सबै कमजोरीहरू लिनुहुन्छ। हामी कमजोर हुँदा नै उहाँले प्रार्थनाको उत्तर दिनुहुन्छ र हाम्रो आवश्यकताहरू पूरा गरिदिनुहुन्छ। उहाँले हरेक अवस्थामा आफ्नो हातले हामीहरूका आवश्यकता पूरा गरिदिनुहुन्छ। यदि साँच्ची नै हामी खाँचोमा छौँ भने त्यो खाँचो पूरा गर्नलाई उहाँको अनुग्रह हामीमाथि प्रशस्तता छ।

त्यसैले यी सबै कारणलाइएं हेर्दा हामी सधैँ खुसी रहनुपर्दछ। त्यही नै हाम्रो निम्ति परमेश्वरबाट पाएको आशिष शिरमा लगाएको शिरपेचजस्तै हुन्छ। यो हाम्रो विश्वासको कारण हो। यदि हामी परमेश्वरको सत्य छोराछोरी हौं भने हामीले गर्ने कार्य नै विश्वासको जरा हो।

**जाँचले धैर्यता उत्पन्न गराउँछ:** हाम्रो बहुमूल्य धैर्यताको बारेमा हामी सोचौं जुनचाहिँ हाम्रो जीवनमा आउने परीक्षा हो। जब हाम्रो जीवनमा परीक्षा आउँछ हाम्रो विश्वासले त्यसलाई पार गर्न सक्नुपर्छ। यसको अर्थ विश्वासको साथ धैर्य भएर बस्न सक्नुपर्छ। जसले धैर्यतासाथ हेरिरहन्छ त्यो सधैँ परीक्षामा पर्छ।

सबभन्दा पहिले उसले यो चाहिँ परमेश्वरबाट आएको हो भनेर सोचेको हुन्छ। जब परीक्षा आउँछ, एकैचोटिमा पार गर्न गाह्रो हुन्छ। कहिलेकाहीँ यो लामो समय लाग्न सक्छ जसले गर्दा कोही मानिस एकोहोरो पनि हुनसक्छ। जुन व्यक्ति यसरी परीक्षामा पर्छ त्यस व्यक्तिले यो परमेश्वरबाटको हो भनी बुझ्न सक्यो भने उहाँबाट भएको सफलतालाई सम्झिन सक्यो भने यो कति ठूलो परीक्षा हो भन्ने कुरा पत्ता लगाउन सक्छ र उसले अरुको इच्छामा होइन परमेश्रको इच्छामा छोडिदिन्छन्। आफ्ना इच्छाहरू सबै मार्छ र परमेश्वरको इच्छालाई अगाडि बढ्न दिन्छ। समयपछि ऊ त्यस्तो किसिमको परीक्षाबाट सफल हुन्छ।

अर्को प्रकारको परीक्षामाा जुन मानिस धैर्य हुन्छ। उसको दैनिकी जीवनमा सफलता पाइरहेको उसले महसुस गर्छ। ऊ चुपचाप आफ्नो काम गरिरहन्छ। यो परीक्षा नै हो भन्छ यसमा श्राप होइन आशिष आउँदैन भनेर हेरिरहन्छ। अरुलाई पनि उसले आशिष दिन्छ कहिले पनि ऊ निराश हुँदै जति लामो समयसम्म परमेश्वरले उसलाई परीक्षा लिनु भए तापनि ऊ सधैँ खुसी रहन्छ। यसले उसले कहिले पनि आफ्ना साथीहरूसँग वकालतको कुरा गर्दैन सधैँ उसले परमेश्वरबाट आएको अनुग्रह हो भनेर लगातार काम गरिरहेको हुन्छ। कहिले पनि रिसाउँदैन, आफूले गरेको काममा पछुताउन अरुलार्य माया गर्छ, सहायता गर्छ, दया गर्छ र उसको चरित्रबाट नै उसको धैर्यतालाई देख्न सक्छौं।

कहिलेकाहीँ केही किसिमका धैर्यताहरू हुन्छन् विश्वासतिह पनि पर्खिरहनुपर्ने। हामी ख्रीष्टियनहरू प्रार्थना गर्छौं तर दैनिक जीवनमा प्रयोगमा ल्याउनलाई निकै कठिन हुन्छ। जब हामी प्रार्थना गर्छौं र पर्खिन्छौं यो गर्न हामीलाई जति मुखले बोल्न सजिलो हुन्छ दैनिक जीवनमा उतार्नलाई त्यति नै गाह्रो हुन्छ। अरुलाई शिक्षा दिँदा परीक्षाको समयमा परमेश्वरलाई हेर्नुपर्छ अनि सिकाइन्छ। जब उसलाई आफ्नै जीवनमा यो आइपर्छ ऊ के गर्ने भनेर थाहा नै पाउँदैन। ऊ छटपटाउँछ र टाढा-टाढा खोजी हिँड्न थाल्छ। त्यो व्यक्ति परमेश्वरको अनुग्रहद्वारा अगाडि बढिराखेको हुन्छ तर थाहा पाउँदैन। परमेश्वरको अनुग्रह हरेक समयमा हरेक माानिसका लागि पूर्ण रूपमा आनन्दसाथ र मुक्तिको बाटो हो।

कहिलेकाहीँ हाम्रो विश्वासको धैर्यता छालको तरङ्गजस्तै हुनसक्छ। हरेक काम गर्दा प्रमाणबाहेक विश्वास बढ्न नसक्नु पनि तरङ्गजस्तै हो। एउटा ख्रीष्टियन बलियो विश्वासीले भन्दछ कि म परमेश्वरलाई विश्वास गर्छु त्यसकारण म पर्खिरहन्छु। मेरो समय अझै आएको छैन। पहिलो दुःखमा भयो भनेपछि म असल कुरा पाउँछु भन्छ र म येशूको चरणमा बसेर उहाँको सत्यतालाई पर्खिरहन्छु।

प्रियहरू, दाजुभाइ, दिदीबहिनी हो यो शब्द धैर्य, त्यो यति सजिलो छैन यो भनेको संसारको ढाँचादेखि टाढा हुन सकेनौ भने यसरी धैर्यता हाम्रो जीवनमा उत्पन्न गराउन सक्दैनौँ। यो एक प्रकारको फलाम जस्तै हुन्छ। एउटा मानिसले समुद्रको नजिकै घर बनायो भने साधारण प्रकारको घरमा उसको विश्वास बलियो हुन सक्दैन। ऊ सोचिरहेको हुन्छ कि कतिखेर समुद्रमा छालहरू आउँछ र भत्काइदिन्छ तर बलियो घर बनाएको छ भने विश्वाससाथ भन्न सक्छ कि ऊ जस्तोसुकै छाल आए

तापनि मेरो घरलाई भत्काउन सक्दैन । हरेक विश्वासीले गरेको परमेश्वरबाट मलाई भत्काउन होइन बनाउनलाई परीक्षामा ल्याउन हुन्छ । म उहाँको दिनसम्म पर्खिरहन्छु । जब म यस परीक्षाबाट पास हुन्छ सधैँ खुसी रहिरहनेछ ।

**परिपक्व र पूर्ण बन्नु:** "ताकि तिमीहरूमा कुनै कुराको अभाव नभई तिमीहरू परिपक्व र पूर्ण होऊ" यदि हाम्रो विश्वासमा कुनै कुराले बाधा ल्याउँछ भने त्यसलाई हाम्रो जीवनबाट छुट्याउनु पर्छ र येशूख्रीष्टमा हामी दरिलो र बलियो हुँदै खुसी हुँदै विभिन्न किसिमका समस्यालाई समाधान गर्नुपर्छ । हाम्रा वरिपरिका मानिसहरूलाई परमेश्वरको अनुग्रहको बारेमा आत्मीकी तबरले सिकाउनु पर्छ र हामी हाम्रो साथीहरूसँग नजिक हुन सक्छौँ र उनीहरूलाई सहायता गर्न सक्छौँ । यो सहायतामा हामी सधैँ खुसी हुनुपर्छ ।

विभिन्न किसिमका समस्याहरूले हाम्रा कमजोरीलाई पार लगाउन मद्दत मिल्छ । जब समस्या हाम्रो जीवनमा आइपर्छ समाधानको बाटो खोजिन्छ त्यसबाट जान हामी पूर्ण रूपमा परिपक्व र विश्वासिलो बन्न सक्छौँ ।

पवित्र आत्माले हामीलाई विभिन्न किसिमका समस्याहरू समाधान गर्नलाई सिकाउनु हुन्छ र हाम्रा बानी व्यवहारलाई सुधार्नलाई सहायता गर्नुहुन्छ । हाम्रो कारणले हाम्रा वरिपरिका साथीहरूलाई दुःख पुगेको छ भने उनीहरूको निम्ति परमेश्वरको अनुग्रह बनाउन सहायता गर्नुहुन्छ, प्रत्येक व्यक्तिलाई क्रूसको दुःखको बारेमा थाहा हुन्छ र ती व्यक्तिले सम्झिन्छ कि ख्रीष्टको अगाडि म केही पनि होइन । जब मानिसको जीवनमा संकट आइलाग्छ त्यो संकटबाट पार गर्नका लागि उनीहरूलाई दास देखाउनु पर्छ जो मानिसले ख्रीष्टलाई चिनेको छ । उनीहरूलाई ख्रीष्टको प्रेम बताउन सजिलो हुन्छ र उहाँको प्रेमले उनीहरूको जीवनमा आएको परीक्षामा विजय हुन सहायता गर्छ । के तपाईंले मानिसहरू सतावटमा हुँदा कति थाकेको हुन्छ, थाहा पाउनु भएको छ, त्यो समयमा उनीहरूलाई दास देखाउनको निम्ति एकदमै आफू नम्र भएर लाग्नुपर्छ । यदि तपाईंसँग उनीहरू बोलेनन् भने पनि बिस्तारै ख्रीष्टको प्रेमबाट उनीहरूलाई प्रेम गनुपर्छ र कति उहाँले मानिसलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा बताइदिनुपर्छ । त्यसपछि उनीहरू एकदमै नम्र भएर आफ्नो समस्या बताउँछन् अनि त्यो समस्याको निम्ति प्रार्थना गर्नुपर्छ ।

कोही कोही मानिसहरू एकदमै धन्यवादी पनि भेटिन्छन् । मलाई थाहा छ परमेश्वरलाई आराधना गर्नु, उहाँको शक्तिको वर्णन गर्नु नै परमेश्वरबाट आएको हो भनी धन्यवादी हुनुहुपर्छ । मलाई थाहा छ कि कसैले ख्रीष्टको नाउँमा एक गिलास पानी र सानो रोटी खान दियो भने पनि त्यसको लेखा प्रभुले राख्नुहुन्छ र उसलाई परमेश्वरले प्रशस्त गरिदिनुहुन्छ । कुनै समयमा एकदमै समस्यामा परेको मानिसलाई धेरै धन्यवादी मानिसले भेटेको हुनसक्छ त्यो समयमा उसका समस्या समाधान गर्नको लागि परमेश्वरको वचनबाट आशा देखाउन सक्छन् । जब मानिसले विभिन्न किसिमका नकारात्मक सोचाइहरू आफ्नो हृदयमा ल्याउँछ । ऊ आफूले आफैँलाई नोक्सान गरिरहेको हुन्छ तर हाम्रो परमेश्वरले त्यो चाहनुहुन्न । उहाँको नयनद्वारा पूर्ण रूपमा उनीहरूलाई नियालिरहेको हुन्छ । यदि ती मानिसहरू परमेश्वरकै योग्य छैनन् र उनीहरूको जीवनमा समस्या आएको छ भने उनीहरू पूर्णरूपमा अन्धकारमा रहेका हुन्छन् त्यो समस्याबाट समाधान हुन त खोज्छन् तर बाटो देखेका हुँदैनन् । उनीहरूलाई परमेश्वरको बाटोमा ल्याउनु र समस्याबाट समाधान गराउनुले पनि हामीलाई पूर्ण रूपमा परिपक्व बनाएको हुन्छ । कहिलेकाहीँ अति नै धार्मिक मानिस हाम्रो नजिकमा आउँछ र समस्याहरू हामीलाई तेर्स्याइदिन्छन् । हामी सोच्छौँ कि धार्मिक मानिसलाई त समस्या नहुनुपर्ने तर त्यो होइन, झन् ती व्यक्तिहरूको निम्ति थुप्रै मण्डलीका पास्टर, अगुवाहरू र प्रचारकहरूले प्रार्थना गर्नुपर्छ । वचनबाट सम्झाउनु पर्छ र परमेश्वरको वनचमा परिपक्व बनाउनु पर्छ । तपाईंलाई आफू परमेश्वरमा परिपक्व भएको महसुस गर्न र हरेक समस्यामा परिपक्वतासित समाधान गर्न सक्छ भन्ने जान्नका निम्ति परमेश्वरको वचनमा लागिरहनुपर्छ । समस्यामा परेका व्यक्तिहरूलाई वचनद्वारा समाधान गर्ने कोशिस गर्नुपर्छ अनिमात्र आफू पूर्ण रूपमा परिपक्व बनिन्छ र अरुलाई पनि अगुवाइ गर्न सकिन्छ ।

के तपाईं प्रत्येक मानिस विकसित भएको चाहनुहुन्न ? के तिनीहरूलाई ख्रीष्टमा पूर्ण भएको चाहनुहुन्न ? यदि चाहनुहुन्छ भने तपाईं पनि सबै किसिमका परीक्षामा खुसी रहनुस् र उहाँहरूलाई पनि खुसी बनाउनुहोस् । आशीर्वाद दिनुहोस् । परमेश्वरसाग सहायता माग्नुहोस् र उनीहरूको दुःखमा सहभागी बन्नुहोस् जसले गर्दा तपाईं उहाँमा पूर्ण र परिपक्व बन्न सक्नुहुन्छ ।

# बाइबल अध्ययन र प्रार्थना

बाइबल अध्ययनमा प्रार्थना सबैभन्दा महत्वपूर्ण बुँदा हो । बाइबलमा विभिन्न व्यक्तिले विभिन्न प्रकारको प्रार्थना विभिन्न परिस्थितिमा गरिएको छ । यी निम्न बुँदालाई मोटामोटी रुपमा हेर्नेछौँ ।

**१. पश्चातापको प्रार्थना :**

“हे परमेश्वर तपाईंको अचूक करुणाअनुसार म माथि कृपा गर्नुहोस्, तपाईंको अपार अनुकम्पामा मेरा अपराधहरू मेटिदिनुहोस् । मेरा सबै अधर्मबाट मलाई पूर्ण रूपमा छोइदिनुहोस् र मेरो पापबाट मर्ला शुद्ध गरिदिनुहोस् । किनकि मेरा अपराधहरू म जान्दछु, र मेरा पाप सदा मेरो सामुन्ने छ । तपाईंको विरुद्धमा, केवल तपाईंकै विरुद्धमा मैले पाप गरेको छु, र तपाईंको दृष्टिमा जे खराबी छ, त्यही गरेको छु । यसैकारण बोल्नु हुदा तपाई ठीक प्रमाणित हुनुहुन्छ र न्याय गर्दा तपाईं न्यायी ठहरिनु हुन्छ । साँच्चै, म जन्मदा नै पापी थिए, र मेरी आमाले मलाई गर्भधारण गरेदेखि नै म पापी थिए । निश्चय नै हृदयको सत्यता तपाईं चाहना गर्नुहुन्छ, अन्तस्करणमा तपाईं मलाई बुद्धिका कुरा सिकाउनुहुन्छ । हिसपसले मलाई शुद्ध पार्नुहोस्, र म शुद्ध हुनेछु । मलाई छुनुहोस् र म हिउँभन्दा सेतो हुनेछु । मलाई हर्ष र उल्लास सुन्न दिनुहोस्, र तपाईंले चूर्ण पारिदिनुभएका हुड्डीहरू आनन्दित होऊन् । मेरा पापहरूदेखि आफ्नो मुख लुकाउनुहोस् र मेरा सारा अधर्महरू मेरिदिनुहोस् हे परमेश्वरल, ममा शुद्ध हृदय सृजनुहोस् र म भित्र एउटा स्थिर आत्मा पुनर्जीवित पार्नुहोस् । मलाई तपाईंको उपस्थितीबाट नहटाउनुहोस् न त मबाट तपाईंका पवित्र आत्मा नै जानुहोस् । तपाईंको मुक्तिको आनन्द मलाई फेरि दिनुहोस् र मलाई समाल्न इच्छुक आत्मा दिनुहोस् । तब अपराधीहरूलाई म तपाईंका मार्गको शिक्षा दिनेछु, र पापीहरू तपाईंतर्फ फर्कने छन् । ... तब तपाईंहरू प्रसन्न पार्न धार्मिकताका बलिहरू चढाइनेछन्, सम्पूर्ण होमबलि र साढेहरू तपाईंको वेदीमा चढाइने छन् ।” (भजन संग्रह ५१ :1-१९)

**२. व्यक्तिगत प्रार्थना :**

“हे परमेश्वर, मलाई जाँच्नुहोस् र मेरो हृदयलाई जान्नुहोस् । मलाई जाँच्नुहोस् र मेरा चिन्ताहरू जान्नुहोस् । हेर्नुहोस, ममा कुनै खराब चाल छ कि र मलाई अनन्तको मार्गमा डोऱ्याइदिनुहोस् ।”(भजन संग्रह १३९ : २३ - २४)

**३. जागृतिको निम्ति प्रार्थना**

“यदि मेरो आफ्नै नाउँ दिइएको मेरो प्रजाले आफैलाई नम्र पारेर प्रार्थना गर्छ र मलाई खोजेर आफ्ना दुष्ट चालहरूबाट फर्कन्छ, तब म स्वर्गबाट तिनीहरूको प्रार्थना सुन्नेछु र तिनीहरूको पाप क्षमा गर्नेछु र तिनीहरूको देशलाइ म स्वस्थ्य पानेछु ।( इतिहास ७ : १४)

**४. नहेम्याहको प्रार्थना**

“हकल याहका छोरा नहेम्याहको विवरण : बीसौ वर्षको किसलेव महिनामा जब म राजधानी शूसनमा थिए, तब मेरा दाजुहरूमध्येका एकना हनानी अरू केही मानिससँग यहूदाबाट आइपुगे । मैले यरुशलेमको र कैदबाट अरू बाँचेका यहूदीहरूको विषयमा तिनीहरूसँ सोधपूछ गरे । ... हे परमप्रभु, तपाईंको दासको विनम्र प्रार्थनामा ध्यानसित कान थाप्नुहोस् र तपाईंका नाउँको सम्मान गर्न प्रसन्न हुने तपाईंका वासटहरूको प्रार्थना सुन्नुहोस् । आज यस मानिसको उपस्थितिमा आफ्नो सेवकमाथि कृपा देखाई उसलाई सफलता दिनुहोस् । यस बेला म राजाको मद्य टुक्रयाउनेहरूका अधिकृत थिएँ ।” (नहेम्याह १ : १- ११)

**५. एज्राको प्रार्थना र पश्चाताप**

“तब बेलुकीका बलिदानको समयमा म फाटेको पोशाक र खास्टोमा नै आफूलाई स्वयम् होच्याएको अवस्थाबाट उठे । मैले घुँडा टेकेर परमप्रभु मेरा परमेश्वर तिर हात पसारी यसो भनेर प्रार्थना गरे : हे मेरा परमेश्वर, मेरो अनुहार तपाईंतिर उठाउन म साह्रै लज्जित र अपमानित भएको छु किनभने हे मेरा परमेश्वर हाम्रा पाप हाम्रो शिरभन्दा अल्गा भएका छन् र हाम्रो दोष आकाशसम्मै पुगेको छ । ... हे परमप्रभु इस्राएलका परमेश्वर, तपाईं धर्मी हुनुहुनछ । आज हामी अवशेषको रूपमा छोडिएका छौँ । हामी आफ्नो दोषमा तपाईंको सामु उपस्थित छौ, यद्यपि हाम्रो दोषको कारण हामी मध्येको कोही पनि तपाईंको सामु टिक्न सक्दैनौ ।” (एज्रा ९ : ५ - १५)

**६. यहोशापातको प्रार्थना**

यस्तो विपद्को समाचार सुनेर यहोशपातले परमप्रभुको अगुवाइ खोज्ने अठोट गरे । तिनले सारा यहूदाभरि नै उपवास बस्नलाई घोषणा गरे । यहूवाका मानिसहरू परमेश्वरको सल्लाह माग्नलाई भेला भए । देशको हरेक सहरबाट तिनीहरू उहाँसित सल्लाह माग्न आए । ...जब यशोशापात र तिनका मानिसहरू लूटका माल जम्मा गर्न आए, तब तिनीहरूले असंख्य सामानहरू, लुगाफाटाहरू र बहुमूल्य थोकहरू लानै नसक्ने गरी लुटेर लगे । तिनीहरूले तीन दिनसम्म लूटका माल जम्मा गरे, किनभने ती त्यति धेरै थिए ।” (२ इतिहास २० : ३- २५)

**७. हिजिकियाद्वारा जागृतिको प्रार्थना**

“आफ्नो राजकालको पहिलो वर्षको पहिलो महिनामा तिनले परमप्रभुको मन्दिरका ढोकाहरू खोलेर तिनलाई मरमत गरे । तिनले पूजाहारीहरू र लेवीहरूलाई ल्याएर पूर्वपट्टिको चोकमा भेला गराए ... हरेक होमबलिसँग चढाइएको मेलबलिको बोसो र अर्ध-बलिको साथ होमबलिहरू प्रशस्त मात्रामा थिए । यसरी परमप्रभुका मन्दिरको सेवा पहिलेको जस्तै गरिन थालियो । परमेश्वरले आफ्नो प्रजाको निम्ति गर्नुभएको काम र त्यो यति चाँडै पूरा भएकोले हिजकिया र सबै मानिसहरू खुशी भए ।” (२ इतिहास २९ :३ -३६)

**८. आगोको अनुभव गरेका प्रार्थना**

"त्यसैले आहाबले समस्त इस्राएलीहरूमा समाचार पठाए, र सबै अगमवक्ताहरूलाई कर्नेल डाँडामा भेला गराए। एलियाले मानिसहरूका अगि आएर भने, तिमीहरू कहिलेसम्म दोधारमा बसिरहन्छौ ? यदि परमप्रभु नै परमेश्वर हुनुहुन्छ भने उहाँलाई पछ्याओ। तर यदि बाल परमेश्वर हो भने त्यसलाई पछ्याउने तर मानिसहरूले केहि भनेनन्। ... अनि एलियाले आहाबलाई भने, गएर खानपान गर्नुहोस्, किनभने म ठूलो भरी आइरहेको सुन्दैछु।" (१ राजा १८ : २० -४१)

**९. अब्राहमको प्रार्थना**

"तब अब्राहामले नजिक गएर उहाँलाई भने, के दुष्टहरूसँग धमीहरूलाई पनि सर्वनाश गर्नुहुनेछ ? त्यस सहरमा पचास धर्मी जन रहेछन् भने, के त्यसमा भएका पचास धर्मी जनका निम्ति त्यस सहरलाई नजोगाएर नष्ट पार्नुहुनेछ र ? ... अनि तिनले भने, परमप्रभुलाई रिसानी नहोस्। अब एक पल्ट मात्र बोल्नेछु। यदि त्यहाँ दश जना पाइए भने ? उहाँले भन्नुभयो, दश जनाका खातिरमा पनि म त्यो नाश गर्ने छैनँ।" -उत्पत्ति १८ : २३ - ३२)

**१०. प्रार्थनाको निम्ति बोलाओट**

"मलाई पुकार् र म तलाई जवाफ दिनेछु र तैले नजानेका गहिरा र गुप्त कुशहरू म तलाई बताउने छु।" (यर्मिया ३३ : ३)

**११. प्रार्थना गर्न सिकाउनु**

"उहाँ कुनै एक ठाउँमा प्रार्थना गरिरहनु भएको थियो। उहाँले प्रार्थना गरिसक्नुभएपछि चेलाहरूमध्ये एक जनाले उहाँलाई भने हे प्रभु, यूहन्नाले आफ्ना चेलाहरूलाई सिकाए झै हामीलाई पनि प्रार्थन ागर्न सिकाउनु होस्। ... तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई उसल थोकहरू दिन जान्दछौ। भने, तिमीहरूका स्वर्गीय पिताले उहासँग माग्नेहरूलाई कति बढी गरेर पवित्र आत्मा दिनुहुन्छ।" (लूका ११ : १ -१३)

**१२. निरन्तर प्रार्थना**

"तिनीहरू सधै प्रार्थना गरिरहून र निरास नहोऊन् भन्ने हेतुले उहाँले तिनीहरूलाई एउटा दृष्टान्त भन्नुभयो: कुनै एउटा सहरमा परमेश्वरको भय नमान्ने र मानिसको वास्ता नगर्ने एक जना न्यायाधीश थिए। त्यसै सहरमा एउटी विधवा थिइ। त्यो तिनी कहाँ आइरहन्थी र भन्थी, मेरो वादीको अगि मेरो न्याय गरिदिनुहोस्। ... म तिनीहरूलाई भन्दछु उहाँले चाँडै नै तिनीहरूको न्याय गरिदिनुहुनेछ। तापनि मानिसको पुत्र आउँदा के उसले पृथ्वीमा विश्वास भेट्टाउने छ र ?"(लूका १८ :१ -८)

**१३. अत्याचारको निम्ति प्रार्थना**

"ती दिनमा हेशेद राजाले मण्डलीका कति जनामाथि कठोर अत्याचार गर्न थाले। उनले यूहन्नाका दाजु याकूबलाई तरवारले मारे। ...हेरोदले तिनको खोजी गरेर पनि फेला नपार्दा, सिपाहीहरूको जाँच गरी तिनीहरूलाई ज्यान सजायको हुकुम गरे। हेरोदचाहि यहूदियाबाट कैसरिया गएर त्यही नै बसे।" (प्रेरित १२ : १ - १९)

**१४. एउटै मनको भएर गर्ने प्रार्थना**

"फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरो पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।" (मत्ती १८ : १९ - २०)

**१५. शक्तिशाली प्रार्थना**

"आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएको हवाले हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौ। किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परिक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। यसकारण साहससँग अनुग्रहको सिंहास नजिक जाऔ, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।"(हिब्रू ४ : १४- १६)

**१६. विश्वासको प्रार्थना**

"येशूले तिनीहरूलाई जवाफ दिएर भन्नुभयो, परमेश्वरमा विश्वास राख। साँच्चै म तिमीहरूलाई भन्दछु, यदि कसैले आफ्नो हृदयमा गर्दैन तर आफूले भनेका कुरा पुरा हुन्छ भनी विश्वास गरेर यस पहाडलाई उखेलिएर त समुद्रमा खस् भन्यो भने, त्यसको निम्ति त्यस्तै हुनेछ। ...तर क्षमा गरेनौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले पनि तिमीहरूका अपराधहरू क्षमा गर्नुहुने छैन।" (मर्कुस ११ : २२ - २६)

**१७. प्रभावशाली प्रार्थना**

"यसकारण तिमीहरू एउटाले अर्कासँग आफ्ना-आफ्ना पाप स्वीकार गर। तिमीहरू निको हुनलाई एउटाले अर्काको निम्ति प्रार्थना गरा धार्मिक मानिसको प्रार्थना शक्तिशाली र प्रभावशाली हुन्छ। ... .त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फर्काएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ।"(याकूब ५ : १६-१८)

**१८. जिम्मेवारी प्रार्थना**

"परमप्रभुको यो वचन मकहाँ आयो : हे मानिसको छोरो, आफ्नो देशवासीहरूसँग कुरा गर् र भन्: जब एउटा देशको विरुद्धमा म एउटा तरबार चलाउँछु र त्यस देशका मानिसहरूले आफूमध्येको कुनै एक जनालाई पहरादार छान्छन् ...यसैले तिनीहरूलाई भन् : जस्तो म जीवित छु परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरूको मृत्युमा र खुशी हुन्न तर तिनीहरूले आफ्नो चाल त्यागेर बाचून्, भनी मचहान्छु। आफ्नो दुष्ट चाल त्याग हे इस्राएलका घरमा हो, तिमीहरू किन मर्छौ ? (इजकिएल ३३ : १ - ११)

**१९. फसलको निम्ति प्रार्थना**

"उहाँले तिनीहरूलाई भन्नुभयो, पसल त प्रशस्त छ, तर खेतलाहरू थोरै छन्। यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्नो फसलमा खेतलाहरू पठाइदेउन्।"(लूका १० : २)"उहाँ सामरियाको सुखा र भनिने नगरमा आइपुग्नु भयो। यो नगरचाहिँ याकूबले

आफ्ना छोरा योसेफलाई दिएका जमिनको नजिकै पर्थ्यो । त्यहाँ याकूबको इनार थियो । येशू यात्राले थाक्नुभएको हुनाले त्यस इनारको छेउमा बसिरहनु भएको थियो । प्रायः मध्यान्ह भएको थियो । ... मैले जे गरे उहाँले मलाई सबै भनिदिनुभयो, भन्ने त्यस स्त्रीको गवाहीले गर्दा त्यस नगरका सामरीहरू मध्ये धेरैले उहाँमाथि विश्वास गरे ।" (यूहन्ना ४ : ५ - ३९)

**२०. सुतुवा चेलाको निम्ति प्रार्थना**

"तब येशू गतेसमनी भन्ने ठाउँमा तिनीहरूसँग जानु भयो र चेलाहरूलाई भन्नुभयो, तिमीहरू यही बस, म चाहि अलि पर गएर प्रार्थना गर्छु । र आफूसँग पत्रुस र जब्दियाका दुई छोराहरूलाई लिएर उहाँ शोकित र व्याकुल हुन लाग्नुभयो । तब उहाँले तिनीहरूलाई भन्नुभयो, मेरो प्राण गहिरो शोकले मरेतुल्य भएको छ । तिमीहरू यही बस र म सँग जागा हो । अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, हे मेरा पिता हुन सक्छ भने यो कचौरा म बाट हटोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस् । ... उठ, जाऔ हेर, पक्राइदिने, नजिकै छ ।" (मत्ती २६:३६ - ४६)

**२१. विश्वासको प्रार्थना**

"मानिसहरू परमेश्वरको वचन सुन्न उहाँका चारैपट्टि ठेलमठेला गरिरहेका थिए, अनी उहाँ गनेसरेत झीलको किनारमा उभिरहनु भएको थियो, उहाँले झीलको किनारमा दुइवटा ढुङ्गा देख्नुभयो, १२ जा लहारीहरू चाहिँ ढुङ्गा बाहिर बसी आफ्ना जालहरू धोइरहेका थिए । ती दुईमध्ये एउटा डुङ्गालाई किनारबाट अलि पर लैजान लाउनुभयो । उहाँले डुङ्गामा बसेर भीडलाई शिक्षा दिन लाग्नुभयो । बोलिसक्नु भएपछि उहाँले सिमोनलाई भन्नुभयो, गहिरोतिर लगेर माछा पक्रनलाई आफ्ना जाल हान । . . . . . अनि जब तिनीहरूले आफ्ना डुङ्गाहरू पाखामा ल्याए, तिनीहरूले सबै थोक त्यागे र उहाँको पछि लागे । "(लूका ५ : १ - ११)

**२२. माछा र रोटीको निम्ति प्रार्थना /प्रशासनको प्रार्थना :**

"अनि प्रेरितहरू येशूकहाँ भेला भएर र तिनीहरूले जे - जे गरेका थिए र सिकाएका थिए, ती सबै उहाँलाई बयान गरे । उहाँले तिनीहरूलाई भन्नुभयो, तिमीहरू आफै पनि मसँग एकान्त ठाउँमा आओ र केही थकाइ मार । किनकि त्यहाँ आउने जानेहरू धेरै थिए, उहाँहरूलाई खानसम्म पनि फुर्सद थिएन । अनि उहाँहरू डुङ्गामा सुटुक्क एउटा एकान्त ठाउँमा जानुभयो । ...अनि सबैले खाए र तृप्त भए । पछिबाट चेलाहरूले रोटी र माछाका उब्रेका टुक्राहरू बाह्र डालाभरि उठाए । रोटी खाने पुरुषहरू पाच हजार थिए ।" (मर्कुस ६:३०- ४४)

**२३. परमेश्वरलाई गर्ने प्रेम**

"व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खडा भए र यो प्रश्न गरे," गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्दछ ? उहाले तिनलाई भन्नु भयो, व्यवस्थामा के लेखिएको छ ? तिमीले के पढ्यौ ? तिनले भने तैले परमप्रभु, आफ्ना परमेश्वरललाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समयले र आफ्नो सारा मनले प्रेम गर, र आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर । ... तिनले भने, त्यस मानिसमाथि दया देखाउने चाहि । तब येशूले तिनलाई भन्नुभयो जाऊ तिमी पनि त्यसै गर ।" (लूका १० : २५ -३७)

**२४. परमेश्वरको प्रेमको निम्ति प्रार्थना**

"साँचो दाखको बोट म हु र मेरो पिता किसान हुनुहुन्छ । ममा हुने प्रत्येक हागा जसले फल फलाउँदैन उहाँले त्यसलाई छाट्नुहुन्छ र फल फलाउने हरेक हाँगालाई झन् बढी फल फलोस् भनी उहाँले छिवल्नुहुन्छ । मैले तिमीहरूलाई भनेको वचनले तिमीहरू अघि नै शुद्ध भइसकेका छौ । ममा रहो र म तिमीहरूमा रहन्छु । जसरी हाँगा र दाखको बोटमा रहेन भने त्यो आफैले फल फलाउन सक्दैन, त्यसरी तिमीहरू ममा रहेनौ भने तिमीहरूले पनि सक्दैनौ । ...यदि संसारले तिमीहरूलाई घृणा गर्दछ भने, तिमीहरू जान कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले जान कि तिमीहरूलाई घृणा गर्न अघि त्यसले मलाई घृणा गरेको हो । यदि तिमीहरू यश संसारका हुदा हौ त संसारले तिमीहरूलाई आफन्त ठानी माया गर्ने थियो । तर तिमीहरू यस संसारले तिमीहरूलाई घृणा गर्दछ ।" (यूहन्ना १५ : १ - १९)

**२५. न्याय र धार्मिकताको निम्नि प्रार्थना**

"अब म मलाई पठाउनु हुने कहा गइरहेछु तर तपाईं कहाँ जादै हुनुहुन्छ ? भनी तिमीहरू कसैले मलाई सोध्दैनौ । तापनि मैले तिमीहरूलाई यी कुरा भनेको कारण तिमीहरूको हृदय शोकले भरिएको छ । तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ । किनभने म गइनँ भने सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछौं तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिने छु । अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनु हुनेछ । ...जे - जति पितासँग छन् ती मेरा हुन् । यसैकारण मैले भने, जे मेरो हो त्यो म बाट लिएर आत्माले तिनीहरूलाई घोषणा गरिदिनुहुनेछ ।" (यूहन्ना १६ : ५-१५)

**२६. परमेश्वरको शक्तिको निम्ति प्रार्थना**

"तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ र तिमीहरू यरुशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ ।"(प्रेरित १:८) "जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउमा भेला भएका थिए । अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्का जस्तै एउटा आवाज आयो र तिनीहरू बसेको पूरा धेरै भरिदियो । आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे र भाग-भाग भएर तिनीहरू हरेक माथि बसे । अनि तिनीहरू सबै जना पवित्र आत्माले भरि, पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारण बमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न

लागे । ...तिनीहरू एकै मनमा भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे र घर-घरमा रोटी भाँच्थे र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, र परमेश्वरको प्रशंसा गर्दै र सबै मानिसहरूबाट शुभेच्छा पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो ।" ( प्रेरित २ : १ -४७)

**२७. पवित्र आत्मा जीवनमा आउनको निम्ति प्रार्थना**

"अब चाडको पछिल्लो दिन, अर्थात् चाडको प्रमुख दिनमा उभिएर येशूले उच्च स्वरमा यसो भन्नुभयो, यदि कोही तिर्खायो भने त्यो मकहाँ आओस् र पिओस्। जसले ममाथि विश्वास गर्दछ, धर्मशास्त्रले भनेअनुसार त्यसको अन्तस्करणबाट जिउँदो पानकि खोलाहरू बगिनिस्कनेछन्। तर यो कुरो उहाँले पवित्रआत्माको विषयमा भन्नुभएको थियो, जुन पवित्र आत्मा उहाँमाथि विश्वास गर्नेहरूले प्राप्त गर्न लागेका थिए किनकि पवित्र आत्मा अहिलेम्म दिइएको थिएन, किनभने येशूको महिमा अझसम्म भएको थिएन ।" (यूहन्ना ७८ : ३७ - ३९) "यसकारण तिमीहरू प्रिय बालकहरू झैं परमेश्वरको देखासिकी होओ। तिमीहरू प्रेममा चल, जसरी ख्रीष्टको पनि हामीहरूसँग प्रेम गर्नुभयो, र परमेश्वरको निम्ति सुगन्धित भेटी र बलिदान भएर आफैंले हाम्रा निम्ति अर्पण गर्नुभयो । तर तिमीहरूका बीचमा व्यभिचार र सारा अशुद्धता अथवा लोभको नाउँसमेत लिइओस्, जो सन्तहरूका बीचमा हुन सुहाउँदैन। कुनै अश्लील कुरा, मूर्ख बातचित अथवा बेफाइदाको ठट्यौली नगर्नू, यी सुहाउने कुरा होइनन्। तर बरु धन्यवाद दिने काम होस्। ... जे भए पनि तिमीहरू हरेकले आफ्नी पत्नीलाई आफैंलाई झैं प्रेम गर र पत्नीले पनि आफैंलाई झैं प्रेम गर र पत्नीले पनि आफ्ना पतिको आदर गरोस्।" (एफिसी ५ : १ - ३३)

**२८. परमेश्वरको शक्ति प्राप्त गर्नको निम्ति प्रार्थना**

"अब अन्त्यमा, प्रभुमा र उहाँका शक्तिको सामर्थ्यमा बलवान् होओ। दियाबलसका युक्तिहरूका विरुद्धमा खडा हुन सक्नलाई परमेश्वरका सारा हातहतियार धारण गर। किनकि हामीहरूको युद्ध शरीर रगतको विरुद्ध होइन, तर प्रधानताहरूका विरुद्ध, शक्तिहरूका विरुद्ध, वर्तमान अन्धकारका सांसारिक शासकहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्ट्याईंका आत्मिक सेनाहरूका विरुद्ध हो। ... मुक्तिको टोप लगाओ र पवित्र आत्माको तरबार लेओ; जोचाहिँ परमेश्वरको वचन हो। सारा प्रार्थना र निवेदनसाथ सब समय पवित्र आत्मामा प्रार्थना गर। यस उद्देश्यले लगनशील र सतर्क भएर सबै सन्तहरूको निम्ति प्रार्थना गरिरहो।" (एफिसी ६ : १० - १८)

**२९. आत्मिक उपासनाको निम्ति प्रार्थना**

"यसैकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी तिमीहरूलाई अनुरोध गर्दछु कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल तर आफ्नो मनमा नया भई पूर्ण रूपले परिवर्तित होओ र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक। किनभने मलाई दिइएको अनुग्रहद्वारा तिमीहरूमध्ये हरेकलाई म आग्रह गर्दछु, जसले आफूलाई जस्तो सम्झनुपर्छ त्यसभन्दा बढी नसम्झोस् तर परमेश्वरले हरेकलाई दिनुभएको विश्वासको नापबमोजिम सन्तुलित विचारले सोचोस्। ... खराबीबाट पराजित नहोओ, तर खराबीलाई भलाइले जित।" (रोमी १२ : १ - २१)

**३०. जिउँदो समपर्णताको निम्ति प्रार्थना**

"जीवन त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेर्‍यौं र हाम्रा हातले छोयौं, त्यो जीवन प्रकट भयो र हामीले देख्यौं, र हामी गवाही दिन्छौं, र तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो र हामीकहाँ प्रकट भयो। ... यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झुटा तुल्याउँछौं र उहाँको वचन हामीमा हुँदैन।" (१ यूहन्ना १ : १ - १०)

**३१. परमेश्वरलाई प्रशंसा र धन्यवादको निम्ति प्रार्थना**

"हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर, ए मेरो सारा अन्तस्करण उहाँको पवित्र नाउँको स्तुति गर्। हे मेरो प्राण, परमप्रभुको प्रशंसा गर् र उहाँका सबै उपकारहरू नबिर्सी- जसले तेरा सबै पापहरू क्षमा गर्नुहुन्छ, जले तेरा सबै रोगहरू निको पार्नुहुन्छ, जसले तेरो जीवनलाई मृत-लोकबाट मुक्त गर्नुहुन्छ र तँलाई करुणा र कृपाको मुकुट लाइदिनुहुन्छ, जसले तेरा इच्छाहरू उत्तम कुराले तृप्त गर्नुहुन्छ, ताकि तेरो जवानी चिलको जस्तै फेरि नयाँ होस्। थिचोमिचोमा परेकाहरू सबैका निम्ति परमप्रभुले धार्मिकता र न्यायको काम गर्नुहुन्छ। उहाँले मोशलाई आफ्ना मार्ग र इस्राएलीहरूलाई आफ्ना काम प्रकट गर्नुभयो। परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला र अति करुणामय हुनुहुन्छ। ... हे स्वर्गका सबै सेना हो उहाँको इच्छाअनुसार काम गर्ने सेवक हो, परमप्रभुको प्रशंसा गर। हे उहाँका सारा सृष्टि हो, उहाँका समस्त राज्यमा रहेका हो, परमप्रभुको प्रशंसा गर। ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर!" भजनसंग्रह १०३ : १ - २२)

**३२. जागृतिको निम्ति प्रार्थना**

"के तपाईंका प्रजा तपाईंमा रमाउन् भनेर हामीलाई पुनर्जागृत बनाउनहुन्न ?" (भजनसंग्रह ८५ : ६) वसन्त ऋतुको समयमा परमप्रभुसँग वर्षा माग। परमप्रभुले नै बादलहरू भएको आँधी बनाउनुहुन्छ। उहाँले मानिसहरूलाई पानीको झरी बर्साइदिनुहुन्छ, हरेकलाई खेतमा बोटबिरुवा दिनुहुन्छ।" (जकरिया १० : १)

BOOKPOST

# पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

## हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह–सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta

website: www.nepalherald.blogspot.com